# “गृह शिक्षक” सिकाइ एक, अवसर अनेक



पीसविन नेपाल

## १. पृष्ठभूमि

समय र परिस्थिती अनुसार बालबालिकाहरुको गुणस्तरीय सिकाइ वातावरणमा पहुँच पुर्‍याउन तथा उनीहरुलाई अक्षर ज्ञान, शब्द ज्ञान, पढाइ गति, ध्वनि संचेतना, बोधमा सुधार, समयको उचित व्यवस्थापन गर्नको साथै बालबालिकाहरुलाई सिकाइमा जिज्ञासु बनाउनको लागि घरका अभिभावकहरुको सक्रियता विना सम्भव देखिन्न । घरका अभिभावक नै शिक्षक हुन् भन्ने बोध गराई आफ्ना बालबालिकाहरु घरमा गृहकार्य गर्छन्, कि गर्दैनन्, नियमित रुपमा विद्यालय जान्छन् कि जादैनन्, आवश्यकता अनुसारका सामग्रीहरु छन् कि छैनन्, बस्ने ठाउँको सरसफाई गरिएको छ कि छैन आदि विषयमा प्रत्यक्ष निगरानी राख्नको लागि यो क्रियाकलापको परिकल्पना गरिएको हो ।

## २. उद्देश्यहरुः

- बालबालिकाहरुलाई घरमा पनि पढाई /सिकाईको वातावरण सृजना गर्ने ।
- अभिभावकहरुलाई आफ्ना बालबालिकाहरुको शिक्षा प्रति जिम्मेवारी बढाउने ।
- अभिभावकहरुले आफ्नो फजुल खर्च घटाई बालबालिकाहरुको लागि कापीकलम र विद्यालय पोशाक र दिवाखाजा तथा व्यक्तिगत सरसफाईको क्षेत्रमा लगानी गर्न अभिप्रेरित गर्न ।
- बालबालिकाहरुको विद्यालय उपस्थिति र सिकाई उपलब्धिमा बृद्धि गर्ने
- बालबालिकाहरुको सिकाइमा सुधार गर्न नयाँ विधि र प्रक्रियाको परीक्षण गर्न ।
- बालवालिकाहरुको ब्यक्तिगत सरसफाईलाई ब्यवस्थित गरी सरसफाईमा संचेतना अभिवृद्धि गरि स्वस्थ रहने बानिको विकास घरबाट नै सिर्जना गर्न ।

## ३. संचालनमा अपनाईएका विधि तथा प्रक्रियाहरु :

**(क) समुदाय स्तरमा छलफल कार्यकम :** यो अवधारणाको बारेमा समुदायलाई जानकारी गाउनको लागि र कार्यकमको औचित्यतालाई पूर्णता दिनको लागि उक्त कार्यक्रमको आयोजना गरिएको थियो । कार्यकममा सवै घरमा अभिभावकहरु अनिवार्य उपस्थित भएका थिए । उक्त कार्यकममा पीसविनका कर्मचारीबाट शिक्षा आजको आवश्यकता र अभिभावकको जिम्मेवारीको बारेमा अर्न्तक्रिया कार्यक्रमका लागि सहजीकरण गरिएको थियो । स्वमुल्याँकनको माध्यामको साथै उक्त गोष्ठीबाट तपसिलको उपलब्धि हाँसिल भयो ।

- यो समुदायबाट विद्यालय जाने बालकालिकाहरुको तथ्याँक संकलन


- बालविकास केन्द्रको भूमिकाको बारेमा जानकारी
- सहजकर्ता छनौट गर्नको लागी समयावधि निर्धारण

**(ख) दोस्रो चरणको अनुशिक्षण कार्यक्रम :**

समुदायबाट संकलन तथ्याँकको आधारमा यो समुदायमा १९ परिवारमा ३५ प्रावि सम्मका जना बालकालिको लागि अभिभावक शिक्षक कार्यक्रम संचालन गर्नको लागि अर्को चरणको छलफल कार्यक्रम संचालन गरिएको थियो । यो कार्यक्रममा तपसिको विषयलाई जोडिएको थियो :

- तपाईको बालबालिकालाई के बनेको देख्न चाहनु हुन्छ ? तपाईले चाहेको बालबालिका बन्नको लागि के के गर्नु पर्ला त ? यो कहिले बाट सुरु गर्नु पर्ला ? अहिले नै त्यो सुरु गर्नु भएको छ यदि छैन भने कहिले सुरु गर्नु हुन्छ र सहयोग कस्ले गर्छ ?
- तपाईको बालबालिका कति कक्षा पढ्छन् र सो कक्षामा कति विषय हुन्छन् ?
- बालबालिका विद्यालयमा कति दिन जान्छन् र प्रत्येक दिन कति घण्टा बस्छन्  अनि तपाईसंग कति दिन र कति घण्टा  बस्छन् ?
- बालबालिकालाई तपाईले कति समय दिन नसक्नु हुन्छ, उक्त समयमा पढाई सम्वन्धी छलफल गर्ने गरेको छ कि छैन ? आफुले जानेका विषयवस्तुहरुको बारेमा जानकारी गर्ने गरेको छकि छैन ?
- अहिले तपाईले दिनु भएको  समयले बालबालिको सिकाइमा मद्धत पुर्‍याएको छ त ?

माथिका प्रश्नको उत्तरमा अधिकाँश अभिभावकले उनिहरुको हेरचाह, सरसफाई, खाजा, कापी कलमको व्यवस्थापन गर्न सक्ने विषयमा सहयोग गर्न सकिन उत्तर आएको थियो । यो कार्यक्रममा सामान्य स्टेशनरी वितरण गएिको थियो । सवै घरमा १ जना शिक्षक छनौट गरिएको थियो । छनौट भएका सवै शिक्षकहरुलाई बालबालिकाहरुलाई घरमा सिकाउन सकिने विभिन्न उदाहरण दिएर प्रष्ट पारिएको थियो । सवै घरमा बालबालिकाको लागि सिकाई कुना बनाउनको लागी ठाउँ छनौट गरिएको थियो ।



**(ग) तेस्रो चरण तथा मासिक बैठक :**

यो कार्याक्रमको प्रभावकारीताको लागि मासिक बैठक बस्नको लागि मितिको तय गरिए अनुरुप अभिभावक शिक्षकहरुको मासिक बैठकको आयोजना गरिएको थियो । यो बैठकमा सवै अभिाक शिक्षकहरुको उपस्थिति रहेको थियो । बैठकमा आज सम्म गरेको सवै क्रियाकलापहरुको बारेमा छलफल गरिएको थियो । अभिभावकहरुले गरेका कामको बारेमा जानकारी गएका थिए । मुख्य गरि तपसिलको सुझावहरु आएका थिए ।

- बालकालिकाहरुलाई स्टेशनरीको व्यवस्थापन गर्नु पर्ने ।
- कुन दिन बालकालिकाहरुलाइृ समय दिइयो कुन दिन दिइएन सोको जानकारी राख्नको लागि घडी र समय तालिकाको व्यवस्थापन गर्नु पर्ने ।
- बालबालिकाहरुलाई कितावहरु सहयोग गर्नु पर्ने ।
- विद्यालययमा पनि शिक्षकहरुलाई यसको बारेमा जानकारी दिनु पर्ने ।

यो छलफलमा बालकालिकाहरुको सरसफाईको बारेमा विशेष छलफल भएको थियो । यो छलफल पछि



अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई प्रत्येक दिन सरसफाई गरे नगरेको बारेमा जानकारी लिने र सरसफाई गराउने बारेमा पनि छलफल भएको थियो । मासिक बैठमा छलफलको औचित्यता र यस्को विषय बस्तुको बारेमा पनि अभिभावकहरुबाट संकलन गरिएको थियो । निराक्षर अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई विभिन्न खालका कथा सुनाउने बारेमा पनि छलफल भएको थियो । यस्को बारेमा ५ जना बालबालिकाहरुसंग छलफल गरिएको थियो । अभिभावकहरुले उनिहरुलाई दैनिक रुपमा विहानै उठाएर नास्ता (अन्नि) खाए पनि हिजोको बाँकी रहेको गृहकार्य गराउने । विद्यालयमा लैजानको लागि कापी कलम छकि छैन भनेर सोध्ने कापी सकिएको भएमा किनि दिने गरेको छ भन्ने सुनियो । साथै बालबालिका विद्यालयमा नियमित पठाउन लागि समयमै खानाको व्यवस्थापन समेत गरेको पाईयो ।



**(घ) पात्रो र सामग्री सहयोग :**

समुदाय र बालकालिकाहरुको माग अनुरुप बालकालिकाहरुलाई सामान्य स्टेसनरी वितरण गरिएको

थियो । साथै प्रत्येक घरमा एक वटा घडी र दैनिक हाजिरको लागि पात्रो वितरण गरियो । पात्रोको बारेमा अभिभावकलाई अनुशिक्षण पनि गरिएको थियो । यदि विहान अभिभावकले समय उपलब्ध गराउन सके भने सो दिनमा हरियो रंगको घेरा लगाउने र साँझको समयमा अभिभावकले समय उपलब्ध गराउन सके भने रातो घेरा लगाउने बारेमा सिकाईयो । यसको बारेमा प्रयोगात्मक विधिबाट सहभागिहरुलाई अनुशिक्षण गरिएको थियो ।

**(ङ) बालबालिकाहरुको सिकाई कुना निर्माण :**

प्रावि तहमा अध्यानरत बालबालिकाहरुले आफ्नो झोला कापी कलम लगाएतका सामग्री राख्नको साथै



उनिहरुले बनाएका चित्रहरु, विभिन्न कथाहरुलाई टाँस गर्नको साथै सिकाईका गतिविधिहरु संचालन गर्नको लागि एक वटा पढाई कुनाहरु निर्माण गरेको छन् । यी कुनाहरुमा उनिहरुका सृजना राखिएका छन् । यी कुनाहरुका माद्यामबाट दैनिक गतिविधिहरु पनि निर्धारण हुने र थप सिकाई हुने देखिन्छ । आफुले तयार गरेका चित्रहरुको माद्यामबाट थप सिकाई हुने र उनिहरुले त्यसलाई फरक ढंगले तयार गर्नसक्ने देखिएको छ ।

**(च) रेडियो तथा पत्रकारहरुद्वारा अनुगमन :**

कार्यक्रमको बारेमा रेडियो बाजुरा र स्थानीय स्तरमा रहेको पत्रपत्रिकाहरुलाई जानकारी दिए पश्चात रेडियो र स्थानीय स्तरका पत्रपत्रिकाहरुद्धारा उक्त कार्यक्रमको स्थलगत अनुगमन गरि सो कार्यक्रमको रेडियो कार्यक्रम ३० मिनेटको प्रशारण गरेको थियो । आफनै बोली, आफनै भोगाई र गराईलाई रेडियोबाट प्रशारण भएको सुनेर अभिभावकहरुले अझ कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि थप समय दिएको पाईयो । यो कार्यक्रमलाई स्थानीय पत्रिकाले समेत प्रकाशन गरेको थियो । जसको



मध्यान्तर

१९ घर उन्नाइसै शिक्षक

माद्यामद्धारा जिल्लाका अन्य स्थानहरुमा पनि यसको प्रभावकारीताका बारेमा बुझ्न सहज हुनुका साथै

सिकाईलाई आदान, प्रदान गर्न पनि सहज भएको थियो ।

**(छ) जिल्ला शिक्षा कार्यालयका स्रोत व्यक्तिबाट अनुगमन :**

यो कार्यक्रमको बारेमा जिल्ला शिक्षा कार्यालयसंगको समन्वय बैठकमा जानकारी भए पश्चात स्रोत व्यक्ति गम्भिरसिह गुरुग र विद्यालय निरिक्ष अकवर शाहले अनुगमन गर्नु भएको थियो । कार्यक्रमको बारेमा उहाँहरुले जिल्ला कार्यक्रम सल्लाहकार समितिको बैठकमा जानकारी गर्नुभएको थियो । यस्ले बालकालिकाहरुको उपस्थिती दरमा सुधार ल्याउने भएकाले सिकाईमा पनि सकारात्मक प्रभाब पार्ने देखिन्छ भन्ने उहाँहरुको भनाई रहेको थियो भने आगम वर्ष अन्य समुदायमा पनि यो कार्यक्रमलाई विस्तार गरेर लैजानको लागि जिल्ला शिक्षा कार्यालयको बैठकमा छलफल भएको थियो ।

**(ज) जिल्ला कार्यक्रम सल्लाहकार समितिबाट कार्यक्रमको अनुगमन :**

यो कार्यक्रमको बारेमा जिल्ला कार्यक्रम सल्लाहकार समितिको बैठकमा समेत जानकारी भए पनि परियोजना



सल्लाह समितीबाट पनि कार्यक्रमको स्थलगत अनुगमन गर्ने छलफल भए भए अनुरुप प्रमुख जिल्ला अधिकारीको टिमले अनुगमन गरि सोको बारेमा प्रतिवेदन समेत तयार गरेको थियो । अभिभावकबाट आफ्ना बालबालिकाहरु प्रतिको जिम्मेवारी बोध गराई परिवारमै बालबालिकाहरुलाई सिकाईको वातावरण सृजना गर्नको लागि यो कार्यक्रमले सजिलो बनाएको र उनिहरुको विद्यालयमा निरन्तरता बढाउनको लागि सहयोग पुगेको बारेमा अनुगमन टोलीको सिफारिस थियो भने आगामी दिनमा यो गाविस भरिमा लागु गर्नको लागि नेरा माविका विव्यसका अध्यक्षले माग गरेका थिए ।



**४) अभिभावकको प्रतिकिया :**

- हामीलाई आफ्ना बालबालिकाहरुको शिक्षा बलियो बनाउनको लागि यो राम्रो काम रहेछ तर हामीले नै गर्नु पर्ने रहेछ ।
- यस भन्दा अगाडी बालबालिकालाई विद्यालय पठाउन कुन समय हो खासै वास्ता गरिदैन थियो

अव अलि सजिलो भएको छ ।

- बालबालिका धुलो माटोमा खेलिरहने गरेका थिए भने आज भोली सरसफाई गरेर गर्ने बानीको विकास समेत भएको छ ।
- अभिभावकले समय दिए पछि मात्र विद्यालयमा सिकाई गर्न सजिलो हुदो रहेछ भन्ने सिकाई भयो ।
- यो कार्यक्रम बानी विकास गर्नको लागि महत्वपूर्ण रहेछ ।
- बालबालिकाहरुको सिकाई पक्रियामा पनि परिवर्तन आएको छ । जसले गर्दा उनिहरुले थप सिकाईका लागि प्रोत्साहन गर्न सहज भएको छ ।
- अभिभावकलाई विद्यालयको अनुगमनको पाटेलाई पनि जोडेर लिनु पर्ने

**५) कार्यक्रम पश्चात आएका सुधारहरु :**

- बालबालिको उपस्थिति दरमा गत वर्ष भन्दा बढि देखिन्छ । गत वर्षको यसै समयको उपस्थिती दर ६९ प्रतिसत थियो भने यो वर्ष ८० प्रतिसत रहेको छ ।
- समयमै सवै बालबालिका विद्यालय जान्छन्
- शिक्षकले दिएको गृह कार्य सवैले गरेका हुन्छन् ।
- सरसफाई गरेर विद्यालयमा आउछन्
- सवै बालबालिकाहरुले कापी कलम लिएर विद्यालय जान्छन् ।
- अभिभावकले बालकालिको सिकाईको लागि बातावरणको सृजना गरेको छ ।
- सवै घरमा सिकाई कुनाको व्यवस्थापन गरिएको छ
- बाल सृजनाहरु सिकाई कुनामा व्यवस्थापन गरेका छन् ।
- विद्यालयबाट बालबालिका ठिक समयमा घरमा आउछन् ।

**गत ४ महिनाको उपस्थिति दर तपसिल अनुसार छ:**


| क्र. सं. | नाम | जेठ | | असार | | साउन | | भदौ | | जम्मा | | उपस्थिति दर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विद्यालय खुलेको | उपस्थिति | विद्यालय खुलेको | उपस्थिति | विद्यालय खुलेको | उपस्थिति | विद्यालय खुलेको | उपस्थिति | विद्यालय खुलेको | उपस्थिति | |
| 1 | मान कार्की | 26 | 23 | 17 | 12 | 26 | 21 | 26 | 25 | 95 | 81 | 85% |
| 2 | जीबन कार्की | 26 | 22 | 17 | 12 | 26 | 21 | 26 | 25 | 95 | 80 | 84% |
| 3 | बिक्रम कार्की | 26 | 22 | 17 | 12 | 26 | 21 | 26 | 25 | 95 | 80 | 84% |
| 4 | जनक कार्की | 26 | 21 | 17 | 10 | 26 | 21 | 26 | 25 | 95 | 77 | 81% |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 5 | हर्क कार्की | 26 | 23 | 17 | 12 | 26 | 21 | 26 | 25 | 95 | 81 | 85% |
| 6 | पारस कार्की | 26 | 22 | 17 | 11 | 26 | 21 | 26 | 25 | 95 | 79 | 83% |
| 7 | कमल कार्की | 26 | 20 | 17 | 11 | 26 | 21 | 26 | 25 | 95 | 77 | 81% |
| 8 | बिनोद कार्की | 26 | 21 | 17 | 12 | 26 | 21 | 26 | 25 | 95 | 79 | 83% |
| 9 | योगेश कार्की | 26 | 23 | 17 | 12 | 26 | 21 | 26 | 25 | 95 | 81 | 85% |
| 10 | अनिल कार्की | 26 | 20 | 17 | 10 | 26 | 20 | 26 | 23 | 95 | 73 | 77% |
| 11 | कल्पना कार्की | 26 | 20 | 17 | 10 | 26 | 20 | 26 | 23 | 95 | 73 | 77% |
| 12 | निर्मला कार्की | 26 | 17 | 17 | 9 | 26 | 19 | 26 | 23 | 95 | 68 | 72% |
| 13 | सिर्जना कार्की | 26 | 20 | 17 | 10 | 26 | 18 | 26 | 23 | 95 | 71 | 75% |
| 14 | मिना कार्की | 26 | 20 | 17 | 10 | 26 | 20 | 26 | 23 | 95 | 73 | 77% |
| 15 | दिल कार्की | 26 | 19 | 17 | 12 | 26 | 20 | 26 | 17 | 95 | 68 | 72% |
| 16 | टीका कार्की | 26 | 20 | 17 | 10 | 26 | 20 | 26 | 23 | 95 | 73 | 77% |
| 17 | ललिता कार्की | 26 | 24 | 17 | 9 | 26 | 17 | 26 | 25 | 95 | 75 | 79% |
| 18 | हरिना कार्की | 26 | 21 | 17 | 4 | 26 | 12 | 26 | 17 | 95 | 54 | 57% |
| 19 | गोपाल कार्की | 26 | 30 | 17 | 8 | 26 | 14 | 26 | 22 | 95 | 74 | 78% |
| 20 | ईश्वरी कार्की | 26 | 22 | 17 | 13 | 26 | 23 | 26 | 23 | 95 | 81 | 85% |
| 21 | ईश्वर कार्की | 26 | 22 | 17 | 13 | 26 | 23 | 26 | 23 | 95 | 81 | 85% |
| 22 | बिमला कार्की | 26 | 22 | 17 | 13 | 26 | 23 | 26 | 23 | 95 | 81 | 85% |
| 23 | पार्बति कार्की | 26 | 22 | 17 | 13 | 26 | 23 | 26 | 23 | 95 | 81 | 85% |
| 24 | गौतम कार्की | 26 | 22 | 17 | 13 | 26 | 23 | 26 | 23 | 95 | 81 | 85% |
| 25 | नरेन्द्र कार्की | 26 | 22 | 17 | 13 | 26 | 23 | 26 | 23 | 95 | 81 | 85% |
| जम्मा | | **650** | **540** | **425** | **274** | **650** | **507** | **650** | **582** | **2375** | **1903** | **80%** |

## ६) अनुगमन अपनाईएका विधिहरु :

| | |
|---|---|
| मासिक बैठक | गृह शिक्षकको मासिक रुपमा बैठक गर्ने र आएका समस्याको बारेमा छलफल गर्ने कुन अभिभावकले कति समय दिएको छ कसैले नौलो तरिकाबाट सिकाएको छ कि आदिको बारेमा छलफलको साथै अभिभावकले पात्रोमा रेखा लगाए नलगाएको बारेमा जानकारी लिने । |
| घरभेट | पीसविनको विकास सहायकले मासिक रुपमा घरभेट गरि बालबालिकासंग र परिवारका सदस्यहरुसंग हालको प्रगतिको बारेमा छलफल गर्ने । |
| बालबालिकको उपस्थित र सिकाई विद्यालयमा जाँच गर्ने | बालबालीलको सिकाई उपलब्धी तुलनात्मक रुमा हेर्ने कार्यक्रम संचालन गरेको र नगरेको कार्यक्षेत्रको बालबलिको सिकाइ उपलब्धि, दैनिक उपस्थिती आदिको बारेमा विद्यालयमो हाजीर हेरर जानकार लिईएको थियो । |

## ७) कार्यक्रमको मुख्य सन्देश:



### दैनिक पत्रोको नमुना

# गृह शिक्षकको दैनिक पात्रो

**गृह शिक्षकको नाम : ...........................................टोल.........................नपा/गाविस ......................................वार्ड नं.......**

**बालबालिकाको नाम ................................ .कक्षा ......  बालबालिकाको नाम ................................. .कक्षा ......**

| बैशाख | जेष्ठ | अषाढ | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फाल्गु | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 |
| 2 | 2 | 2 | 2 | 2 | 2 | 2 | 2 | 2 | 2 | 2 | 2 |
| 3 | 3 | 3 | 3 | 3 | 3 | 3 | 3 | 3 | 3 | 3 | 3 |
| 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 |
| 5 | 5 | 5 | 5 | 5 | 5 | 5 | 5 | 5 | 5 | 5 | 5 |
| 6 | 6 | 6 | 6 | 6 | 6 | 6 | 6 | 6 | 6 | 6 | 6 |
| 7 | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 | 7 |
| 8 | 8 | 8 | 8 | 8 | 8 | 8 | 8 | 8 | 8 | 8 | 8 |
| 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 |
| 10 | 10 | 10 | 10 | 10 | 10 | 10 | 10 | 10 | 10 | 10 | 10 |
| 11 | 11 | 11 | 11 | 11 | 11 | 11 | 11 | 11 | 11 | 11 | 11 |
| 12 | 12 | 12 | 12 | 12 | 12 | 12 | 12 | 12 | 12 | 12 | 12 |
| 13 | 13 | 13 | 13 | 13 | 13 | 13 | 13 | 13 | 13 | 13 | 13 |
| 14 | 14 | 14 | 14 | 14 | 14 | 14 | 14 | 14 | 14 | 14 | 14 |
| 15 | 15 | 15 | 15 | 15 | 15 | 15 | 15 | 15 | 15 | 15 | 15 |
| 16 | 16 | 16 | 16 | 16 | 16 | 16 | 16 | 16 | 16 | 16 | 16 |
| 17 | 17 | 17 | 17 | 17 | 17 | 17 | 17 | 17 | 17 | 17 | 17 |
| 18 | 18 | 18 | 18 | 18 | 18 | 18 | 18 | 18 | 18 | 18 | 18 |
| 19 | 19 | 19 | 19 | 19 | 19 | 19 | 19 | 19 | 19 | 19 | 19 |
| 20 | 20 | 20 | 20 | 20 | 20 | 20 | 20 | 20 | 20 | 20 | 20 |
| 21 | 21 | 21 | 21 | 21 | 21 | 21 | 21 | 21 | 21 | 21 | 21 |
| 22 | 22 | 22 | 22 | 22 | 22 | 22 | 22 | 22 | 22 | 22 | 22 |
| 23 | 23 | 23 | 23 | 23 | 23 | 23 | 23 | 23 | 23 | 23 | 23 |
| 24 | 24 | 24 | 24 | 24 | 24 | 24 | 24 | 24 | 24 | 24 | 24 |
| 25 | 25 | 25 | 25 | 25 | 25 | 25 | 25 | 25 | 25 | 25 | 25 |
| 26 | 26 | 26 | 26 | 26 | 26 | 26 | 26 | 26 | 26 | 26 | 26 |
| 27 | 27 | 27 | 27 | 27 | 27 | 27 | 27 | 27 | 27 | 27 | 27 |
| 28 | 28 | 28 | 28 | 28 | 28 | 28 | 28 | 28 | 28 | 28 | 28 |
| 29 | 29 | 29 | 29 | 29 | 29 | 29 | 29 | 29 | 29 | 29 | 29 |
| 30 | 30 | 30 | 30 | 30 | 30 | 30 | | 30 | | 30 | 30 |
| | 31 | | 31 | | विहानको हाजीरमा **हरियो** गोलो रेखा लगाउने | | | | | | |
| 31 | 32 | 31 | 32 | 31 | सांझको हाजीरमा **रातो** गोलो रेखा लगाउने | | | | | | |